Regd. No 1214/066/067

# दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड

# Dordi Khola Jal Bidyut Company Limited

Tripureshwor, Kathmandu, Nepal

च.नं.: १६० | ०८२ | ८३ मिति: बैशाख १६, २०८३

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

विषय: हकप्रद शेयरको पूर्वस्वीकृति बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति पौष २९, २०८२ मा सम्पन्न भएको वार्षिक साधारण सभाबाट कम्पनीको हाल कायम चूक्ता पूँजी रु. २,१०,८५,२०,८००/- (अक्षरेपी दुई अर्ब दश करोड पचासी लाख बीस हजार आठ सय मात्र) को १:०.५६६२१२७९ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने निर्णय भएको हुँदा सोको पूर्वस्वीकृतिका लागि विद्युत नियम आयोग समक्ष निवेदन गरेको विदितै छ । सो पूर्वस्वीकृतिको सन्दर्भमा विद्युत नियम आयोगले मिति: २०८३/०१/१५, पत्र संख्या: २०८२/८३, चलानी नं. ११३७ को पत्र मार्फत यस कम्पनीलाई चुक्ता पुँजीको १:०.२८८ अनुपातमा रु. ६०,८२,५४,९९२.६३ ( अक्षरेपी साठी करोड बयासी लाख चवन्न हजार नौ सय बयानव्बे रुपैंया त्रिसठ्ठी पैसा मात्र) बराबर हकप्रद शेयर निष्काशन गर्नका लागि पूर्वस्वीकृति सम्बन्धि पत्र मिति बैशाख १६, २०८३ अपरान्ह ४:३० बजे प्राप्त भएको हुँदा सोही अनुसार तहाँ समक्ष जानकारी गराउँदछौं ।

भवदीय,

............
निरज कुमार चौधरी
परिपालन अधिकृत

बोधार्थ:
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार प्लाजा, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।

P.O. Box : 20290, Blue Star Complex, Tripureshwor, Kathmandu, Nepal
Tel: 01-4232748, 4232749, 4232750, Email: dordi1hep@gmail.com, URL : www.dordikhola.com.np

# विद्युत नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)


पत्र संख्या: २०८२/०८३

चलानी नं: १९३८

मिति: २०८३/०१/१५

**विषय: स्वीकृति प्रदान गरिएको सम्बन्धमा।**

**श्री दोर्दी खोला जल विद्युत कम्पनी लिमिटेड,**

**गोदावरी ०८, ललितपुर।**

**सम्पर्क नं: ०१-४२३२७४८, ९८४५४८८३७४, ९८५१२४०४७**

प्रस्तुत विषयमा तहाँ कम्पनीले हालको हाल चुक्ता पुँजीको १:०.५६६२ अनुपातमा प्रस्तावित शेयर रकम रु. १,१९३८,७१,४५८/- को १,१९,३८,७१४.५८ कित्ता हकप्रद शेयर निष्काशनको लागि मिति २०८२/१०/१९ मा पेश गरेको निवेदन उपर छलफल हुँदा consortium bank को ऋण चुक्ता गर्ने प्रयोजनार्थ कम्पनीलाई हालको चुक्ता पुँजी रु. २,१०,८५,२०,८००/- को करिब १:०.२८८ अनुपातमा हुन आउने रकम रु. ६०,८२,५४,९९२.६३/- को ६०,२८,५४९.९२६३ कित्ता हकप्रद शेयर निष्काशन गर्नको लागि मात्र "***विद्युत्सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका,*** २०७८ को दफा ७ तथा दफा ९ बमोजिम तपसिलका सर्त सहित सहमति प्रदान गर्ने निर्णय गरिएको आयोगको ३०८ औं बैठकको निर्णयानुसार अनुरोध छ।

**सर्तहरु:**

१. हकप्रद शेयरको निष्कासनबाट प्राप्त भएको रकम consortium bank को ऋण चुक्ता गर्ने प्रयोजनमा प्रयोग गरी सो को पन्ध्र दिनभित्र सोको पुष्टि हुने कागजात सहित आयोगमा जानकारी गराउनुपर्नेछ।

२. प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने तह तथा अन्य तहबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ।

३. प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित तहमा सो कर बुझाउनुपर्नेछ।

४.तहाँ अन्तर्गतका शेयरधनीहरूमध्ये कुनै शेयरधनी विद्युत् सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ।

५. आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ।

६. हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ। सो बमोजिम संस्थापक शेयरधनीले चुक्ता गर्नु पर्ने कुल रकम र सो रकम चुक्ता गरे नगरेको व्यहोरा खुलाईएको विवरण समेत प्रकाशन गरी दोस्रो चरणमा सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ।

७. अनुमतिपत्र प्राप्त कम्पनीले शेयरको सार्वजनिक निष्कासन गर्दा प्रकाशन गरिने विवरणपत्रमा धितोपत्रसम्बन्धी प्रचलित कानुन बमोजिमका विवरणको अतिरिक्त विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा १६ बमोजिमको विवरण समेत समावेश गर्नु पर्नेछ। उक्त विवरण पत्रमा आयोगबाट स्वीकृत भए बमोजिम consortium bank को ऋण चुक्ता गर्ने प्रयोजनका लागि हकप्रद शेयरको निष्कासनको पूर्वस्वीकृति प्राप्त भएको समेत स्पष्ट रूपले खुलाई समावेश गर्नु पर्ने छ।

आशिष शर्मा

(हाइड्रोलोजिष्ट)


**विद्युत नियमन आयोग**

काठमाडौं, नेपाल

इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np

फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२